# फेदाप गाउँपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधिः-२०७८

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

# फेदाप गाउँपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि २०७८

प्रस्तावनाः

यस गाउँपालका क्षेत्रभित्र स्थानीय स्तरमा सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरुको दर्ता नवीकरण, सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ समेतले दिएको अधिकार प्रयोग गरी फेदाप गाउँपालिकाको गाउँसभाले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम "फेदाप गाउँपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि फेदाप गाउँपालिका क्षेत्रभित्र प्रयोग हुनेछ ।

(३) यो कार्यविधि गाउँपालिका अध्यक्षले प्रमाणित गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले फेदाप गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको संस्था सञ्चालन समिति सम्झनु पर्छ ।

(ङ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यि, साँस्कृतिक, शैक्षित, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डला, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्रीसंघ समेतलाई जनाउँछ ।

३. <u>दर्ता नगरी संस्था खोल्न नहुनेः</u> यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापन गर्न हुँदैन ।

४. <u>संस्थाको दर्ता र नविकरणः</u> (१) संस्था स्थापना गर्न चाहने सात जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसुची-१ बमोजिमको ढाचाँमा देहायको विवरण खुलाई संस्थाको विधान दुई प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नामः

(ख) उद्देश्यः

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशाः

(घ) आर्थिक श्रोतः

(ङ) कार्यालय रहने ठेगानाः

(च) संस्थाको छापः

(छ) सबै सदस्यहरुको नागरिकता प्रमाण पत्र प्रतिलिपि, जग्गाधनी पुर्जा र घरधुरी कर तिरेको रसिद ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भईपछि कार्यालयले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) कार्यालयले संस्था दर्ता नगर्ने निर्णय गरेमा पन्ध्र दिन भित्रमा सो सूचना निवेदकलाई दिनु पर्नेछ । निवेदकले सूचना प्राप्त गरेको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर गाउँपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी दर्ता गर्न मनासिव ठहराएमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) संस्था दर्ता गरी दिईने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण प्रक्रिया र दर्ता तथा नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. <u>संगठित संस्था मानिनेः</u> (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

६. <u>संस्थाको सम्पत्तिः</u> (१) संस्थाको सदस्य वा कर्मचारी लगायतका व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने व्यक्तिबाट नलिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारीले संस्थाको सम्पत्ति, कागजात, प्रतिष्ठा, विरुद्ध अपराध वा बिगार गरेमा संस्थाले प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

७. <u>यो कार्यविधि स्वीकृत हुनु अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः</u> (१) यो कार्यविधि, प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका संस्थाले यो कार्यविधि प्रारम्भ भएको मितिले ६० दिन भित्र यो कार्यविधि बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य दर्ता हुनु पर्नेछ ।

८. <u>संस्थाको उद्देश्य हेरफेरः</u> (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित ठानेमा सञ्चालन समितिले संस्थाको विधान बमोजिम सभाबाट निर्णय गराउनु पर्नेछ ।

(२) संस्थाका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा पारित भएको मानिनेछ । तर, प्रस्ताव कार्यान्वयन गर्न गाउँपालिकाको स्वीकृत लिनु पर्नेछ ।

९. <u>प्रगति विवरण पेस गर्नु पर्नेः</u> समितिले आफ्नो संस्थाको आयव्यय, लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय सहित वार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

१०. <u>हिसाब जाँच गर्नेः</u> (१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमबाट हिसाब जाँच दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नु पर्नेछ । प्रतिवेदनको आधारमा संस्थाको सम्पत्ति, पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाईएमा गाउँपालिकाले सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीबाट हानी नोक्सानी असूल गर्न प्रचलित कानुन

बमोजिम कारवाई चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. <u>निर्देशन दिने:</u> गाउँपालिकाले संस्थालाई विधान अनुसार कार्य नगरेको अवस्थामा आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय: (१) दफा (३) र (७) बमोजिम दर्ता नगराई संस्था स्थापना वा संचालन गरेमा संस्थाको समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही तीन हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (९) उल्लङघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा गाउँपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. <u>पुनरावेदन:</u> दफा (६) र दफा (१२) बमोजिम गाउँपालिकाले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१४. <u>संस्थाको विघटन:</u> (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पुर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा जायजेथाले थामे सम्म मात्र गाउँपालिकाले व्यहोर्नेछ ।

१५. <u>निर्देशिका:</u> यस कार्यविधिको कार्यान्वयन गर्न गाउँ कार्यापालिकाले आवश्यका निर्देशिका जारी गर्न सक्नेछ ।

१६. अधिकार प्रत्यायोजन: यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियमावली बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार आवश्यकत्ता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरका कर्मचारी वा वडाहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. अन्य नेपाल कानुन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने: कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल कानून (संघिय तथा प्रादेशिक कानुन) मा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही कानुन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८. नियम बनाउने अधिकार: यस गत को उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

१९. खारेजी र बचाउ: (१) गाउँपालिका क्षेत्रभित्र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भए सञ्चालनमा रहेका स्थानीय संघ संस्थाहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

(२) कार्यविधिमा भएको व्यवस्था संघीय कानुन वा प्रदेश कानुन सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले
भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची २

दफा (४) संग सम्बन्धित

फेदाप गाउँपालिका

गाउँपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

# संस्था दर्ता-प्रमणपत्र

मितिः

द.नं.

श्री .................................

.....................................

फेदाप गाँउपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि, २०७८ को दफा ४ वमोजिम यो प्रमाण-पत्र प्रदान गरिएको छ । प्रचलित कानुनको परिधिमा रही सार्वजनिक हितमा आफ्ना गितिविधिहरु संचालन गर्नु हुन गाउँपालिको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

| | |
|---|---|
| संस्ताको नाम | |
| संस्थाको ठेगाना | |
| कार्य क्षेत्र | |

प्रमाण पत्र जारी गर्नेको

सहिः

नामः

पदः

मितिः

.....................

कार्यालको छाप

अनुसुची ३

दफा (४) सँग सम्बन्धित

नविकरण विवरण

| सि.नं. | संस्थाको प्रकार | शुल्क (दर्ता) | नविकरण शुल्क |
|---|---|---|---|
| १ | दफा २ (क) बमोजिमको संस्था | रु. २००० | ५०० |

प्रमाणीकरण मितिः २०७८। ।

आज्ञाले,
भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत